द.नं. १००/०७२/७०

१९ असोज २०८०,
शुक्रबार
6 October 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक २५३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

**सर्वोच्चमा कैद कट्टा प्रकरण**

# बहसमा बोलाइए महान्यायाधिवक्ता

रिगलले २०७२ असार २८ गते नेपालगञ्जमा चेतनको हत्या गरेका थिए । हत्या अभियोगमा जिल्ला अदालत बाँकेका तत्कालीन न्यायाधीश विष्णु सुवेदीको इजलासले २०७६ वैशाखमा रिगललाई हत्यामा दोषी ठहर गर्दै सर्वस्वसहित जन्मकैद सजाय सुनाएको थियो ।






२५ गते हुने सुनुवाइमा महान्यायाधिवक्ता दिनमणि पोखरेललाई बहसका लागि उपस्थित हुन आदेशमा भनिएको छ ।

**भद्रकाली पोखरेल**
प्रवक्ता, सर्वोच्च अदालत

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ असोज

नेपालगञ्जका योगराज ढकाल रिगलको कैद सजाय कट्टाको विषयले नेपाली समाज नै तरंगित बनेको छ। यसबेला यो विषय सर्वोच्च अदालतमा न्यायीक निरुपणमा समेत अगाडि बढिसकेको छ।

सरकारको सिफारिसमा रिगल'को बाँकी कैद सजाय कट्टा गर्ने राष्ट्रपतिको निर्णयविरुद्ध परेको रिट निवेदनका सम्बन्धमा सर्वोच्च अदालतले बिहीबार सुनुवाइ गर्दै विपक्षीसँग लिखित जवाफ माग गरेको छ। साथै उक्त रिट निवेदनलाई पूर्ण इजलासमा सुनुवाइ हुने गरी पेसी तोक्न समेत आदेश भएको छ।

न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले रिट निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश किन जारी हुन नपर्ने हो भन्नेबारे मनासिब कारण भए यही असोज २४ गते साँझ ५ बजेभित्र लिखित जवाफ पेस गर्न पनि राष्ट्रपति कार्यालयका नाममा आदेश गरेको हो।

इजलासले रिगलको हकमा यही असोज ३ गते राष्ट्रपतिद्वारा माफी मिनाहा सम्बन्धमा भएको निर्णयसहितको सम्पूर्ण सक्कल मिसिल महान्यायाधिवक्ताको कार्यालयमार्फत असोज २४ गतेभित्र झिकाउन समेत आदेश दिएको छ।

रिगलले खुँडा प्रहार गरेर नेपालगञ्जका चेतन मानन्धरको हत्या गरेका थिए। चेतनकी पत्नी भारती शेर्पाले गत आइतबार रिगलको कैद सजाय मिनाहा गर्ने राष्ट्रपतिको निर्णय बदर हुनुपर्ने माग राखी सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकी थिइन्।

आफ्ना पतिको जघन्य हत्यामा संलग्न ढकालको कैद सजाय माफी मिनाहा गर्ने राष्ट्रपतिको निर्णय बदर गरेर उनलाई फेरि कैदमा पठाउन शेर्पाले माग गरेकी छन्। उनले ढकालको कैद मिनाहाको सिफारिस गर्ने जिल्ला कारागार र जिल्ला प्रशासन कार्यालय दाङ, गृह मन्त्रालय, महान्यायाधिवक्ता कार्यालय र कैद मिनाहाको सिफारिस गर्ने मन्त्रिपरिषदको निर्णय बदर गर्न माग गरेकी छन्।

२५ गते हुने सुनुवाइमा महान्यायाधिवक्ता दिनमणि पोखरेललाई बहसका लागि उपस्थित हुन सर्वोच्चको आदेशमा भनिएको छ। सर्वोच्च अदालतका प्रवक्ता भद्रकाली पोखरेलका अनुसार आदेशमा 'प्रस्तुत निवेदनमा महन्यायाधिवक्ता स्वयं समेतलाई बहसमा उपस्थित हुनु भनी महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउनु भनिएको छ।

रिगल संविधान दिवसको दिन तुलसीपुर कारागारबाट छुटेका थिए। सरकारको

>>> पृष्ठ २ मा

## सांसदहरुले गरे खबरदारी



सरकारले संसदमा अधिकार हतोलाई बताउनुपर्छ, त्यो फेरि गर्नुपर्छ, जवाफ दिनुपर्छ । निर्णय गरेर भाग्न पाईंदैन, यत्रो सार्वजनिक प्रश्न उठेको छ ।

**गगन थापा**
महामन्त्री, कांग्रेस

रिगलले माफी पाएको विषयमा संसदमा समेत बहस भएको छ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापा संविधान दिवसका दिन गरिएको कैद माफी मिनाहाका विषयमा उठेका प्रश्नको सरकारले जवाफ दिनुपर्ने बताउँछन्।

प्रतिनिधिसभाको विशेष समयमा बोल्दै उनले सार्वजनिक रुपमा विरोध भएको सरकारको उक्त निर्णयका विषयमा संसदलाई जवाफ दिनुपर्ने बताएका हुन्। 'सरकारले

>>> पृष्ठ २ मा




प्रतिनिधि सभाको कानून, न्याय तथा मानव अधिकार समितिको बैठक

# संक्रमणकालीन न्यायमा सहमति

**अस्मिता थम/मध्यान्ह**
काठमाडौं, १८ असोज

संक्रमणकालीन न्यायसँग सम्बन्धि विधेयकमा संसदीय समितिले सहमति जुटाएको छ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य, न्याय तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न सरकारले ल्याएको विधेयकमाथि प्रतिनिधि सभाको कानून न्याय तथा मानवअधिकार समिति अन्तर्गतको उपसमिति सहमति जुटाएको हो। औपचारिक निर्णय आज (शुक्रबार) लिने भनिएको छ।

उपसमितिका जेष्ठ सदस्य धुव्रबहादुर प्रधानका अनुसार उपसमितिले विधेयकका विवादित विषयमा सहमति जुटाएको छ।

विधेयकमा मुख्य विवाद विषय बनेको द्वन्द्वकालीन घटनालाई वर्गीकरण गर्ने विषयमा सहमति भएको छ। विधेयकमा द्वन्द्वकालीन घटनालाई 'मानव अधिकार उल्लंघन' र 'गम्भीर मानव अधिकार उल्लंघन' गरी दुई भागमा विभाजन गर्न प्रस्ताव गरिएको छ।

'विषयलाई हामीले निष्कर्षमा पुर्‍याएका छौं। अब पारित गरेर बुझाउँछौं,' प्रधानले भनेका छन्। मानव अधिकार उल्लंघनका घटनालाई परिपुरण, माफीमार्फत मिलापत्र गर्न सकिने प्रस्ताव गरिएको छ। मानव अधिकारको गम्भीर उल्लंघनका घटनामा मिलापत्र गराउन नमिल्ने दोषीविरुद्ध मुद्दा मुद्दा चलाउन पर्ने प्रस्ताव गरिएको छ।

गम्भीरको सूचीमा जम्मा चार किसिमका मात्रै कसुरलाई समावेश गरिएको छ। यदि उपसमितिले जुटाएको सहमतिले अन्तिम रुप लियो भने परिपूरणलाई प्राथमिकतामा राखेर १३ वटै कसुर निरुपण हुनेछ। पीडित पक्षले परिपूरणमा चित्त नबुझाएमा मुद्दामा जान पाउने गरी बाटो खोल्ने सहमति भएको छ।

द्वन्द्वकालका घटनालाई सुनुवाइ गर्न विशेष अदालत गठन गर्ने र त्यसको निर्णय उपर पुनरावेदन सुन्न सर्वोच्चमा छुट्टै इजलास बनाउने सहमति भएको छ। सर्वोच्चका नियमित इजलासबाट संक्रमणकालीन न्यायसँग सम्बन्धित मुद्दाको सुनुवाइ गर्न उपयुक्त नहुने निष्कर्षमा पुगेका छन्।

विधेयकमा २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्म सशस्त्र द्वन्द्वका क्रममा भएका यौनजन्य हिंसाका घटनाको उजुरी थिन थप तीन महिना दिने सहमति भएको छ। ऐन पारित भएर सत्य निरुपण तथा मेलमिलाप आयोगले काम थालेको तीन महिनासम्म यस्ता उजुरी दर्ता गर्न सकिने छ।



विषयलाई हामीले निष्कर्षमा पुर्‍याएका छौं । अब पारित गरेर बुझाउँछौं ।

**धुव्रबहादुर प्रधान**
संयोजक
संसदीय उपसमिति

द्वन्द्वमा भएका घटनाबारे जुनसुकै निकायमा उजुरी गरेको भए पनि त्यसलाई आयोगमा तानिने भएको छ। मानव अधिकार आयोग, महिला आयोग वा प्रहरी कार्यालयमा दर्ता भएर सत्य निरुपण तथा मेलमिलाप आयोगमा दर्ता नभएका उजुरीलाई पनि ग्रहण गर्ने प्रावधान ऐनमा राखिनेछ।

अपराध पीडित कोष स्थापना गर्ने, आयोगको सिफारिसअनुसार महान्यायाधीवक्ताले मुद्दा चलाउन इन्कार गरेमा रिट क्षेत्राधिकारमार्फत उपचार खोज्न पाउने प्रावधान राखिएको छ।

पीडक ठहर भइ सजाय निर्धारण गर्दा घटी सजाय गर्नुपर्ने भन्ने प्रावधानप्रति पीडित परिवारले राखेको विमतिलाई सम्बोधन गर्दै उपसमितिले मुलुकी फौजदारी कार्यविधि संहिताले कम वा बढी सजाय गर्नका लागि निर्धारण गरेका शर्तहरुको पालना गरिनेछ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको असोज अन्तिममा हुन लागेको नेपाल भ्रमण अघि नै संक्रमणकालीन न्यायलाई टुंगोमा पुर्‍याउने तयारीमा सरकार लागेको छ।

राष्ट्संघको ७८ औं महासभामा भाग लिएर हालसालै फर्किएका प्रधानमन्त्रीले

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## युरोप पठाउने भन्दै करोड ठग्ने दुई विदेशी ठमेलबाट पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ असोज



नेपाली युवाहरूलाई वैदेशिक रोजगारीमा पठाइदिने भन्दै हुने ठगी धन्दामा स्वदेशीमात्रै नभइ विदेशीहरू पनि संलग्न रहेको देखिएको छ। वैदेशिक रोजगारका लागि चेक रिपब्लिक, नर्वे, पोल्याण्ड, पोर्चुगललगायतका देशमा पठाइदिने भन्दै करिब एक करोड रुपैयाँ ठगी गरेको आरोपमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पाकिस्तान राहुलपिन्डी घर भइ ठमेल बस्ने ५१ वर्षीय नाजिर मोहम्मद र अजरबैजान घर भइ ठमेल बस्ने ३१ वर्षीया आइसेल हुसेनीलाई पक्राउ गरेको छ।

प्रहरीले उनीहरुलाई ठमेलस्थित होटल यात्री एण्ड हुडी सुट्स एण्ड स्पाबाट मंगलबार साँझ पक्राउ गरेको हो। प्रमुख प्रहरी उपरीक्षक (एसपी) रवीन्द्र रेग्मीका अनुसार उनीहरूले वैदेशिक रोजगारका लागि चेक रिपब्लिक, नर्वे, पोल्याण्ड, पोर्चुगललगायतका देशमा पठाइदिने भनी नक्कली वर्कपर्मिटलगायत कागजातहरू देखाएर विश्वासमा पारी प्रोसेसिङ गरिदिने भन्दै प्रतिव्यक्ति एक हजार डलर लिने गरेको खुलेको छ। प्रहरीले उनीहरूले ८० लाख रुपैयाँ ठगिसकेको र पीडितको विश्वास जित्न अजरबैजानसमेत भ्रमण गराएको देखिएको एसपी रेग्मीले जानकारी दिए।

त्यस्तै अजरबैजान पठाइदिने भन्दै चार लाख १३ हजार रूपैयाँ ठगी गरेको आरोपमा प्रहरीले रोल्पा घर भइ हाल काठमाडौं महानगरपालिका-२६ बस्ने ३१ वर्षीय रवि घर्तीमगरलाई पनि पक्राउ गरेको छ। घर्तीविरुद्ध सोमराज चौधरीले वैदेशिक रोजगार विभागमा ठगीको उजुरी दिएका थिए।

वैदेशिक रोजगारको नाममा शैक्षिक कन्सल्ट्यान्सी, ट्राभल्स एजेन्सीलगायतबाट निरन्तर ठगी भइरहेको भएपनि सरकारीस्तरबाट कुनै हस्तक्षेप नहुँदा युरोपेली मुलुकको वैदेशिक रोजगारीका नाममा ठूलो रकम ठगी भइरहेको बताइएको छ। ठगीको घटना बढ्नुमा सामाजिक सञ्जालका अप्रमाणित विज्ञापनका भरमा चिनजान र दोस्रो पटक भेट हुने ग्यारेन्टीसमेत नभएका व्यक्तिलाई लाखौं रकम सुम्पने प्रवृत्ति पनि उत्तिकै जिम्मेवार देखिएको छ।

## कानूनमा एकरूपता ल्याउन छुट्टै कानून

विधेयकमा संसदमा विधेयक पेश गर्नुअघि पूरा गर्नुपर्ने प्रक्रिया, ऐनअनुसार नियमावली तथा निर्देशिकाहरू बनाउँदा अपनाउनुपर्ने सावधानी र कानून निर्माणमा एकरुपताका विषय समावेश छन् ।



कानून निर्माणमा एकरूपता ल्याउन र सरोकारवालाको अपनत्वसहित विधिको शासनलाई सुदृढ गर्न विधेयक महत्वपूर्ण हुनेछ ।

**धनराज गुरुङ**
मन्त्री
कानून न्याय तथा संसदीय मामिला

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ असोज

कानूनमा एकरूपता ल्याउन छुट्टै कानून बन्ने भएको छ। यस सम्बन्धी विधेयक 'विधायन विधेयक २०८०' राष्ट्रिय सभामा पेश भएको छ।

राष्ट्रिय सभाको बिहीबारको बैठकमा कानून न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले विधायन सम्बन्धी विधेयक, २०८० सभा समक्ष पेश गरे।

विधेयकमाथि उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री गुरुङले कानून निर्माणमा एकरूपता ल्याउन र सरोकारवालाको अपनत्वसहित विधिको शासनलाई सुदृढ गर्न विधेयक महत्वपूर्ण हुने विश्वास व्यक्त गरे।

मन्त्री गुरुङले सांसदहरुले दिइएका सुझाव र संशोधन सहित सदनमा हुने छलफलले विधेयकलाई थप समृद्ध बनाउने बताए।

विधेयकमा संसदमा विधेयक पेश गर्नुअघि पूरा गर्नुपर्ने प्रक्रिया, ऐनअनुसार नियमावली तथा

>>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# देशमा गरिबी अन्त्य र रोजगारी सिर्जना गर्न जागरण अभियान : नेपाल

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १८ असोज

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले मुलुकमा विद्यमान गरिबी र बेरोजगारी अन्त्य गर्न नेकपा एसले मेची-महाकालीसम्म समाजवादी जागरण अभियान शुरु गरेको बताएका छन् ।

पछिल्लो समय देशमा बढ्दै गएको व्याप्त बेरोजगारी र गरिबी अन्त्य गर्न तथा स्वदेशमै युवालाई रोजगारीको अवस्था सिर्जना गर्न सरकारलाई दबाब दिने उद्देश्यका साथ आफ्नो पार्टीले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म समाजवादी जागरण अभियान थालेको नेता नेपालले बताए ।

गृह जिल्ला रौतहटको महम्दपुर गरुडामा बिहीबार आयोजित समाजवादी जागरण अभियानलाई सम्बोधन गर्दै नेता नेपालले देशमा बढ्दो बेरोजगारी र गरिबीका कारण युवा पुस्ताले विदेशिनुपर्ने अवस्था आएको भन्दै चिन्ता व्यक्त गरे ।

देशमा रहेको उद्योग, कलकारखाना बन्द हुँदै जाँदा बेरोजगारी र गरिबी बढेको भन्दै उनले देशबाट बेरोजगारी तथा



गरिबी सदाका लागि अन्त्य गर्न सरकारले प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता रहेकोमा जोड दिए । कृषिमा आधुनिकीकरण र औद्योगिकीकरण गरिएमात्र देशमा व्याप्त गरिबी र बेरोजगारी अन्त्य हुने उनले बताए । त्यस्तै देशमा रोजगारीको अवसर सिर्जना गर्न कृषि, उद्योग र पर्यटन क्षेत्रको विकासमा सरकारले विशेष जोड दिनुपर्ने आवश्यकता रहेको उनले बताए ।

देशमा रोजगारी नपाउँदा प्रत्येक दिन हजारौं युवा पुस्ता विदेशमा गइ दुःख भोग्न बाध्य रहेको अवस्थालाई अन्त्य गर्न आफ्नै देशमा उद्योग, कलाकारखाना खोलेर रोजगारी दिनुपर्ने व्यवस्था गर्न आफूहरु लागि परेको उनले बताए ।

देशको आर्थिक समृद्धिका लागि कृषिमा आधुनिकीकरण हुनुपर्नेमा जोड दिँदै अध्यक्ष नेपालले भने 'नयाँ कृषि नीति ल्याएर कृषिमा आधुनिकीकरण र औद्योगिकरण गरिए गरिबी र बेरोजगारीको समस्या सदाका लागि अन्त्य हुने भएकोले आफूहरु गरिबी तथा बेरोजगारी समस्या समाधान गर्नेतिर लागि परेका छौं ।'

उनले आर्थिक समृद्धि र विकासका लागि शिक्षा, स्वास्थ्य, सडक संरचना र उत्पादन आवश्यक रहेकोले सोही अनुरुप आफूहरुले प्राथमिकतामा राखेर अगाडि बढिरहेको बताए । सयौं व्यक्तिलाई रोजगारी दिएको रौतहटके सबभन्दा ठूलो उद्योगको रुपमा रहेको गरुडा श्रीराम सुगर मिल्स विगत चार वर्षदेखी बन्द हुँदा सयौं व्यक्तिले रोजगारी गुमाएको भन्दै उनले बन्द रहेको श्रीराम सुगर मिल्स कुनै हालतमा सञ्चालन गराउने प्रतिबद्धता जनाए ।

जिल्लाको बेरोजगारी अन्त्य गर्ने एउटा मुख्य अंगका रुपमा रहेका श्रीराम सुगर मिल्सलाई केही व्यक्तिले जिल्ला भन्दा बाहिर लैजाने चक्रेलमा लागेको भन्दै उनले रौतहटको धरोहरको रुपमा रहेको श्रीराम सुगर मिल्सलाई जिल्ला भन्दा बाहिर लैजाने कुचेस्टा कसैलाई नगर्न उनले चेतावनी दिए ।

त्यस्तो कार्यक्रममा बोल्दै नेकपा एकीकृत समाजवादी पार्टीका नेता एव पूर्व प्रधानमन्त्री झलनाथ खनालले देशको बेरोजगारी र गरिबी नेकपा एसले मात्र समाधान गर्ने दावी गरे ।

अन्य पार्टीहरुले आफ्ना नेता कार्यकर्ता पाल्ने भन्दा अरु केहि गर्न नसकेको आरोप लगाउँदै नेता खनालले अबको केहि वर्ष भित्रमा नेकपा एसले देशमा बढ्दो बेरोजगारी र गरिबी अन्त्य गरी देशलाई विकसित र समृद्ध बनाएर छाड्ने उद्घोष गरे । नेता खनाले विदेशी पुँजीवादी एजेन्टहरुले देशको ठूल-ठूला उद्योगहरु बन्द गराइ नेपालीहरुलाई विदेशी समान उपभोग गर्न बाध्य बनाएको आरोप लगाए । नेकपा एसका रौतहट जिल्ला अध्यक्ष कमल राय यादवको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका विभिन्न नेता कार्यकर्ताहरुले आ-आफ्नो मन्तव्य राखेका थिए ।

# हुम्लामा अन्तर्राष्ट्रिय कोदो दिवस मनाइयो



**हुम्ला/मस-** नेपालकै पहिलो पटक हुम्लामा अन्तर्राष्ट्रिय कोदो दिवस मनाइएको छ । नेपाल भारतपछिको दोस्रो कोदो उत्पादन हुने देशमा पर्दछ । कोदो मात्र नभएर अन्य प्राङ्गरिक खाद्य बस्तुको प्रचार-प्रसार गर्नको लागि पनि हुम्लामा कोदो दिवस मनाइएको प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले बताए ।

नेपालमा कोदो दिवसको सुरुवात गर्ने र हुम्लाको कोदो जिल्ला बाहिर चिनाउनको लागि कोदो दिवस मनाइएको कृषि विकास कार्यालय हुम्लाका कार्यलय प्रमुख धर्म बहादुर शाहीले बताए ।

कर्णाली प्रदेश कृषि मन्त्री भिम प्रकाश आचार्यले जिल्लामा उत्पादन भएको कोदो बाहिर निर्यात गर्न हुम्लाका किसानलाई सहज हुने देखिएपछि कृषि मन्त्रीलाई नै हुम्ला बोलाइएको सिमकोट गाउँपालिका कृषि शाखा प्रमुख नेत्र शाहीले बताए ।

बिहीबार मनाइएको अन्तर्राष्ट्रिय कोदो दिवसमा जिल्लाका सम्पूर्ण किसानलाई समेट्न नसके पनि केही उपस्थित किसानबाट गाउँघरमा प्रचार-प्रसार हुने विश्वास राखेको सिमकोट गाउँपालिका अध्यक्ष विजय भण्डारीले बताए । हुम्लामा प्राङ्गरिक बस्तु उत्पादन भएर मात्र केही नहुने, यसलाई बाहिर निर्यात गर्नुपर्ने हुँदा यसमा मन्त्रीको ध्यान जानुपर्ने खार्पुनाथ गाउँपालिका अध्यक्ष कर्ण रावलले बताए ।

हुम्लामा कोदो मात्र नभएर हुम्लामा फलाउने पुराना बालिहरु बाहिर निर्यात गर्न, हुम्ला चीनसँग सीमाना जोडिएको हुँदा उत्पादन बस्तु चीन निर्यात गर्नुपर्ने, जिल्लाका किसानहरुलाई विभिन्न प्रोत्साहन कार्यक्रम ल्याउनुपर्ने कार्यक्रमका वक्ताहरुले बताएका थिए । हुम्ला जिल्ला भूगोलको हिसाबले ठूलो जिल्ला भएकाले प्राङ्गरिक खाद्य तत्वको उत्पादनसँगै बजारीकरणमा प्रदेशमा कुरा उठाउने प्रदेश सासद जुम्किल लामाले बताइन् ।

सिँचाईको अभावमा हुम्लाका किसानबाट जनगुनासो आएकाले त्यसलाई पुरा गर्न नसके पनि केहि रुपमा सहयोग गर्ने सिँचाई मन्त्री उर्मिला वि.कले बताइन् ।

नेपालको पहिलो पटक कोदो दिवस हुम्लाबाट सुरुवात भएको त्यसैमा पनि स्वयम् आफू उपस्थित भएको हुँदा हुम्ला मात्र नभएर कर्णाली प्रदेशकै प्राङ्गरिक खाद्यवस्तु जिल्ला बाहिर निर्यात गर्ने प्रदेश कृषि मन्त्री भिम प्रकाश आचार्यले बताए ।

हुम्ला जिल्ला भरिको प्राङ्गरिक खाद्यवस्तुको संकलन गरेर जिल्ला बाहिर निर्यातको कुरा जुनसुकै निकायमा पनि राख्ने जिल्ला समन्वय प्रमुख शिवराज शर्माले बताए । दिवसमा विभिन्न प्राङ्गरिक खाद्यवस्तुको खाने कुराको प्रदर्शन गरिएको थियो । त्यस्तै जिल्लाका प्राङ्गरिक खाद्यको प्रदर्शनीमा किसानलाई पुरस्कार दिएको थियो । दिवस जिल्ला समन्वय प्रमुख शिवराज शर्माको अध्यक्षतामा सञ्चालन भएको थियो । दिवसमा सिँचाई मन्त्री उर्मिला वि.क, सासद जुम्किल लामा, जिल्लाका स्थानीय सरकारका प्रमुख, राजनीति दलका प्रमुख, सरकारी कार्यालयका प्रमुख, जिल्लाका किसान विद्यार्थी लगायतको सहभागिता रहेको थियो ।

# साइबर अपराध रोक्न जनचेतनामूलक कार्यक्रम

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १८ असोज

सिरहामा प्रहरीले साइबर अपराध रोक्न जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमको अवधारणा अनुरुप अस्थायी प्रहरी पोष्ट भगवानपुर सिरहाले जिल्लाको भगवानपुर गाउँपालिका वडा न २ स्थित श्री लक्ष्मी नारायण कौशल्या माध्यमिक विद्यालय नहरामा साइबर अपराध सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको हो ।



विद्यालयका प्रधानाध्यापक तथा वडा अध्यक्षको अध्यक्षतामा सम्पन्न भएको 'प्रहरी-विद्यालय सम्पर्क कार्यक्रम'मा अस्थायी प्रहरी पोष्ट भगवानपुर सिरहाका प्रहरी सहायक निरीक्षक मुना साह तथा प्रहरी कर्मचारीहरु, विद्यालयका शिक्षक/शिक्षिका तथा छात्र/छात्राहरुको उपस्थिति रहेको थियो । यस्तै भगवानपुर गाउँपालिका १ स्थित बाला सुन्दरी मा.वि.का छात्र/छात्राहरुलाई सशस्त्र प्रहरीले लागुऔषध नियन्त्रण र विपत व्यवस्थापन सम्बन्धी चेतनाचेतना मुलक कार्यक्रम गरेको छ । सशस्त्र प्रहरी छाउनीका डीएसपी दुर्गा प्रसाद भट्टले विद्यालयका छात्र/छात्राहरुलाई लागुऔषध नियन्त्रण तथा विपत व्यवस्थापन सम्बन्धी जानकारी गराएका थिए ।

### सर्वोच्चमा...

सिफारिसमा राष्ट्रपति पौडेलले कैद मिनाहा गरेपछि उनी कैद मुक्त भएका थिए । ०७५ भदौ अघिको घटना भए ४० प्रतिशत र त्यसपछिको घटना भए ५० प्रतिशत कैद सजाय भुक्तान गरेका कैदीलाई जेलमा असल चालचलन देखाएमा बाँकी कैद छुट दिने कानूनी व्यवस्था रहेको भन्दै सरकारले कैद मिनाहाका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।

मृतक चेतनकी श्रीमती भारतीले न्याय माग्दै बुधबार दिउँसो माइतीघर मण्डलाबाट अनशनसमेत सुरु गरेकी छन् । रिगलले २०७२ असार २८ गते नेपालगन्जमा चेतनको हत्या गरेका थिए । हत्या अभियोगमा जिल्ला अदालत बाँकेका तत्कालीन न्यायाधीश विष्णु सुवेदीको इजलासले २०७६ वैशाखमा रिगललाई हत्यामा दोषी ठहर गर्दै सर्वस्वसहित जन्मकैद सजाय सुनाएको थियो । त्यसमा संलग्न रहेको भन्दै अन्य १२ जनालाई पनि तीनदेखि १० वर्ष कैद सजाय तोकेको थियो ।

### सांसदहरूले...

संसदमा उभिएर हामीलाई बताउनुपर्छ, त्यो पेस गर्नुपर्छ, जवाफ दिनुपर्छ । निर्णय गरेर भाग्न पाइँदैन, यो सार्वजनिक प्रश्न उठेको छ ।'

सरकारले संसदले बनाएका कानूनको अपव्याख्या र दुरुपयोग गरेर कैद माफी मिनाहा दिएको भन्दै महामन्त्री थापाले सभामुखले अग्रसरता लिएर ती सबै कानूनलाई संसदमा ल्याएर कैद छुटका विषयमा एकीकृत र छिद्र नहुने गरी कानून बनाउनुपर्ने बताए । हाल मुलुकी फौजदारी कार्यविधि संहिता, मुलुकी फौजदारी कसुर तथा सजाय निर्धारण ऐन, कारागार ऐन र सर्वोच्च अदालतका विभिन्न फैसलालाई आधार बनाएर कैद छुटको निर्णय हुने गरेको थापाले बताए ।

तर सरकारले यी कानून र अदालतको निर्णयमध्ये जुन कानूनमा टेक्दा सजाय छुट दिन सकिन्छ त्यसैमा टेकेर निर्णय गरेको भन्दै यसरी भइरहेको कानूनको दुरुपयोग रोक्नुपर्ने बताएका हुन् । 'हामीले बनाएको कानूनको स्वेच्छाचारी प्रयोग भएकोले सबै कानून फिर्ता ल्याएर त्यसलाई एउटै कानून बनाउनुपर्छ' थापाले भने, 'यस्तो होस् कि जसले गर्दा भोलि गएर कसैले अपव्याख्या गर्न नसकोस् ।'

अहिले संसदले कानून संशोधन नगर्ने हो भने आगामी फागुन ७ मा पनि सरकारले कानूनको अपव्याख्या गरेर कैद छुट दिन सक्ने थापाले बताए । २०७५ सालमा मुलुकी फौजदारी संहिता र मुलुकी फौजदारी कसुर तथ सजाय निर्धारण ऐन जारी भएयता हालसम्म सरकारले ६ हजार ७४६ जना कैदीबन्दीको कैद मिनाहा गरेको थापाले बताए । यसमा अहिलेको सरकार मात्र नभई २०७५ यता सबै सरकारले कानूनको दुरुपयोग गरेको उनको भनाइ छ ।

### संक्रमणकालीन...

महासचिव गुटेरेसको भ्रमणलाई संक्रमणकालीन न्यायमा अन्तराष्ट्रिय समुदायको समर्थन लिने अवसरका रुपमा प्रयोग गर्न चाहेका छन् । गुटेरेस शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायका विषयलाई मुख्य एजेण्डाका रुपमा राखेर नेपाल आउन लागेको नेताहरुको दाबी छ । सरकारले पनि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण अघि संक्रमणकालीन न्यायलाई टुंगोमा पुर्‍याउन चाहेको छ ।

### कानूनमा...

निर्देशिकाहरु बनाउँदा अपनाउनुपर्ने सावधानी र कानून निर्माणमा एकरुपताका विषय समावेश छन् । विधेयकमा विषयगत मन्त्रालयहरुले आवश्यकता र प्राथमिकताका आधारमा प्रत्येक वर्ष जेठभित्र विधेयकको मस्यौदा तयार पार्नुपर्ने उल्लेख छ । प्रस्तावित विधेयकको दफा ३ मा विधेयकको प्राथमिकता निर्धारण गर्ने सम्बन्धी व्यवस्था छ ।

जस अनुसार सरकारको नीति तथा कार्यक्रम, बजेट, आवधिक योजना र क्षेत्रगत नीति तथा अन्तर ष्ट्रिय सम्झौताद्वारा सिर्जित दायित्व समेतका आधारमा मन्त्रालयले चालू आर्थिक वर्षमा निर्माण गर्नुपर्ने विधेयक पहिचान गरी प्रत्येक वर्षको जेठ महिना भित्र विधेयकको प्राथमिकताक्रम खुलाइ कानून मन्त्रालयमा पठाउनुपर्ने हुन्छ । मन्त्रालयहरुबाट प्राप्त विधेयकको प्राथमिकीकरण अनुसार कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले संसदमा पेश गर्ने विधेयकको वार्षिक कार्यतालिका बनाएर संघीय संसद सचिवालयमा पठाउनुपर्ने हुन्छ ।

कुनै कानुन अन्तर्गत बनेका विनियमावली, आदेश, निर्देशिका, कार्यविधि वा मापदण्ड वेबसाइटमा राख्नुका साथै संसद सचिवालयलाई पनि उपलब्ध गराउनुपर्ने हुन्छ ।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति र प्रतिनिधि सभाको कानून न्याय तथा मानव अधिकार समितिले प्रत्यायोजित विधायनका सम्बन्धमा नियमित जाँच तथा परीक्षण गर्न र गराउन सक्नेछन् । जाँच तथा परीक्षणद्वारा प्रत्यायोजित विधायनमा कुनै कैफियत वा सुधार गर्नुपर्ने देखिएमा त्यसको सुधार वा संशोधन गर्न समितिले सम्बन्धित मन्त्रालय वा निकायलाई निर्देशन दिन सक्नेछ । दफा ३२(४) मा उल्लेख छ ।

कानून निर्माणलाई व्यवस्थित गर्न पहिलो पटक बनाउन लागिएको यस ऐनको पाँच वर्षपछि कार्यान्वयनको मापन हुनेछ । 'यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यस पछि प्रत्येक पाँच वर्ष पछिको एक वर्षभित्र कानून मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदमा पेश गर्नु पर्नेछ', प्रस्तावित विधेयकको दफा ३६ मा छ ।

**जनताको प्रत्यक्ष सहभागिता**

कानून निर्माणमा नागरिकलाई पनि सहभागी गराउने प्रस्ताव विधेयकमा गरिएको छ । प्रस्तावित विधेयकको दफा ६(१) मा भनिएको छ, 'विधेयक तर्जुमाको प्रक्रियामा सम्बन्धित मन्त्रालयले विषय विज्ञ र त्यस्तो विधेयकबाट प्रत्यक्ष रुपमा प्रभावित हुने सरोकारवालालाई छलफलमा सहभागी गराई राय सुझाव लिनुपर्नेछ । विधेयक निर्माण अगाडि र पछाडि दुवै पटक जनताको राय लिन सकिने परिकल्पना गरिएको छ । त्यसका लागि विधेयक निर्माण भइसकेपछि एक महिनासम्म जनताको अध्ययन र राय सुझाव लिनका लागि सम्बन्धित मन्त्रालयले आफ्नो वेबसाइटमा राख्नुपर्ने व्यवस्था प्रस्तावित विधेयकको दफा ६(२) मा छ । नागरिकस्तरबाट राय/सुझाव लिएपछि त्यस अनुसार विधेयकको मस्यौदा परिमार्जन गरेर संसदमा लैजाने प्रक्रिया सुरु हुन्छ ।

नियमावलीमा ऐन कार्यान्वयनको लागि आवश्यक पर्ने कार्यविधिगत विषय, कुनै निवेदन, दरखास्त, प्रमाणपत्र वा फारामको ढाँचा निर्धारण, प्राविधिक प्रकृतिको विषयमा मापदण्ड वा शर्त तोक्ने विषय समावेश गर्न सकिनेछ । आवधिक रुपमा परिवर्तन गरिरहनुपर्ने शुल्क वा दस्तुर तोक्ने विषय र मुद्दा हेर्ने वा अन्य कुनै कार्यको लागि अधिकारी तोक्ने विषयलाई नियमावलीमा राख्न सकिने भनिएको छ । विनियमावलीमा कर्मचारी प्रशासन तथा कर्मचारीको सेवाका शर्त र सुविधा सम्बन्धी विषय, खरिद, आर्थिक कार्यविधि र आर्थिक प्रशासनसँग सम्बन्धित विषय राख्न सकिने प्रस्तावित व्यवस्था छ ।

निर्देशिकामा कुनै विषयको सञ्चालन वा प्रशासनमा एकभन्दा बढी निकाय समावेश हुने भएमा प्रत्येक निकायको कार्यसम्बन्ध निश्चित गर्न, कुनै प्राविधिक विषयमा मापदण्ड वा कार्यविधि निश्चित गर्न, काम कारबाहीमा एकरुपता कायम गर्न वा कुनै विषयमा विस्तृत ढाँचा, मापदण्ड (नर्म्स) वा गुणस्तर तोक्न विषय समावेश गर्न सकिन्छ ।

कुनै प्राविधिक विषयमा व्यवस्था गर्नुपर्ने वा विस्तृत ढाँचा वा कार्यविधि आवश्यक पर्ने वा आन्तरिक कार्यप्रणालीलाई व्यवस्थित गर्ने विषयमा कार्यविधि बनाउन सकिने व्यवस्थ विधेयकमा छ । कुनै विषयको गुण वा स्तर मापन वा व्यवस्थित गर्न आवश्यक भएमा नेपाल सरकार वा कुनै निकायले मापदण्ड बनाउन सक्ने व्यवस्था छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/१९**

**बमिराम एण्ड ईन्द्र निर्माण सेवा प्रा.लि.** को मिति २०८०/०६/१८ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने शर्तमा साबिक नाम परिवर्तन गरी **जि. एच. बिल्डर्स प्रा.लि. (प्रा.लि. नं.: १८०६१०)** कायम गर्ने गरी मिति २०८०/०६/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

HIMALAYAN LIFE

प्रधान कार्यालय हात्तिसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७, पो.ब.नं. २५९७९

## हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI100000347 | Anjana Adhikari | Kalika-04 Chitwan |
| 2. | PLI1010010458 | Amrit Gurung | Khadkabhadrakali-1 Kathmandu |
| 3. | PLI1010000209 | Karuna Joshi (Ojha) | Kmc Ward No.21 Kathmandu |
| 4. | PLI1010000181 | Pawan Thapa | Sipadol-7 Bhaktapur |

## कम्पनीको ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०६/१९ गते**

**भक्तपुर अटो इन्टरप्राइजेज प्राइभेट लिमिटेड** (प्रा.लि. ३०७५२१) को साबिक ठेगाना **भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका, वडा नं. ०१** मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका वडा नं. ०५** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम
कोशी प्रदेश, नेपाल

### लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो । यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

### मुख्य लक्षणहरुः

- कचेरा निकाल्ने, सिगान बग्ने तथा फिज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने

### रोग सर्ने मुख्य कारणहरु

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाइबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा

### उपचार तथा रोकथाम

- ठोस उपचार छैन ।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार ।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन ।।
- संक्रमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण ।
- लामखुट्टे, झिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने ।



## यूएईमा रोजगारको अवसर
कम्पनी: CAPITAL FORCE SECURITY SERVICES
शहर: UAE, Dubai

पूर्व स्वीकृत मितिः २०८०/०६/१८ | चलानी नं.: ६०७०८७३८ | L.T. No.:293554

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने समय | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | [illegible] | 1200 | ४३,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## साउदीमा रोजगार
कम्पनी: ESTABLISHMENT ROWA ALHOOM FOR GOODS TRANSPORTATION
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ | चलानी नं.: ६०७०८७०८ | L.T. No.:293162

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने समय | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 1 | 0 | [illegible] | 1800 | ६३,७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २६ गते (13 October 2023) मा हुनेछ ।

[illegible]

Guideline Recruitment Service Pvt. Ltd.
Govt. Lic. No. [illegible]
Basundhara Chauki, Kathmandu, Tel.: 01-5913045, Mob.: 986-0365864 | 981-1540684
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

## बारबर्दिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

### ढुंगा, गिट्टी, बालुवा र ग्राभेलको कर उठाउने ठेक्कासम्बन्धी सूचना

**दोस्रो पटक सुचना प्रकाशन मिति २०८०/०६/१९)**

यस नगरपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद को दफा ११ (घ) को उपदफा २ अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका बबई नदिका तोकिएका घाटहरुबाट ढुंगा गिट्टि, बालुवा, ग्राभेलको कर दस्तुर रकम संकलन गर्ने आय ठेक्का बन्दोबस्तका लागि मिति २०८०/०५/१७ मा प्रकाशित सूचना अनुसारका ठेक्का नं. 01/BMO/G/2080/081 र 02/BMO/G/2080/81 कुनै पनि बोलपत्र प्रस्ताव पेश नभएको हुँदा ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुबाट विद्युतिय माध्यम मार्फत मात्र रितपुर्वक २१ दिनभित्र बोलपत्र पेश गर्न दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# नेपालगञ्जको तनाव शान्त हुँदै, कर्फ्यू केही खुकुलो



**नेपालगञ्ज/मस–** सामाजिक सञ्जालबाट सिर्जना भएको नेपालगञ्जमा व्याप्त तनाव शान्त हुँदै जाने अवस्था देखिएको छ। नेपालगञ्जमा शान्ति र सद्भाव कायम गर्ने प्रयास स्वरुप जिल्ला प्रशासन कार्यालय बाँकेमा सम्पन्न सर्वपक्षीय र सर्वदलीय बैठकले नगर क्षेत्रमा जारी कर्फ्यू क्रमशः खुकुलो बनाउँदै जाने निर्णय गरेको छ। प्रमुख जिल्ला अधिकारी विपीन आचार्यको आह्वानमा जिल्ला प्रशासन कार्यालयमा बैठक बसेको हो।

बैठकले गरेको निर्णय अनुसार सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट सामाजिक सद्भाव भड्काउने, धार्मिक विद्वेष फैलाउने तथा कसैको धार्मिक आस्थामा आँच आउने जस्ता कानून विपरीतका कार्यहरु गर्ने कुनै पनि व्यक्तिहरुलाई तत्काल कानूनबमोजिम कडा कारबाही गर्ने उल्लेख गरिएको छ।

उक्त बैठकले शान्ति सुरक्षाको वर्तमान अवस्थालाई पूर्णरुपमा सामान्य अवस्थामा ल्याउने र नेपालगञ्ज क्षेत्रमा हाल जारी रहेको कर्फ्यू आदेश क्रमशः खुकुलो बनाउँदै पूर्णरुपमा हटाउन जिल्ला सुरक्षा समितिलाई अनुरोध गर्ने निर्णय गर्दै सामाजिक सद्भाव कायम राख्न र अब उप्रान्त सद्भाव भड्किन नदिने प्रतिबद्धता गर्नुका साथै सबै क्षेत्र तह र तप्काको उल्लेख्य सहभागिता हुने गरी सद्भाव र्‍याली आयोजना गर्ने समेत बैठकले निर्णय गरेको छ।

बैठकमा लुम्बिनी प्रदेश सरकारका गृहमन्त्री सन्तोष पाण्डे, बाँके क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य डा. धवल शम्शेर राणा, प्रदेशसभा सभा सदस्य कृष्णा केसी नमुना, पूर्वमन्त्री मोहम्मद इस्तियाक राई, नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्ट, नेपाल प्रहरीका प्रदेश प्रमुख डीआईजी उमेशराज जोशी, बाँकेका राजनीतिक दलका नेता, धार्मिक संघ संस्थाका अगुवाहरुको सहभागिता रहेको थियो।

धार्मिक विवाद बढ्दै गएपछि मंगलबार दिउँसो १ बजेबाट नेपालगञ्जमा जारी गरिएको कर्फ्यू आदेश कायम रहेको छ। हिन्दू र मुस्लिम समुदायबीच तनाव सिर्जना हुने संकेत देखिएपछि स्थानीय प्रशासनले जारी गरेको कर्फ्यूमा पूर्वमा राप्ती नदी पुल, पश्चिममा खजुरा रोडको इन्द्रपुर जाने बाटो, उत्तरमा राँझा चोक र दक्षिणमा जमुनाहा नाकासम्म तोकिएको छ। कर्फ्यूमा सशस्त्र प्रहरी, नेपाल प्रहरीका अतिरिक्त नेपाली सेना परिचालन गरिएको छ।

बिहीबार बिहान प्रमुख जिल्ला अधिकारी विपीन आचार्यले जारी गरेको विज्ञप्तिअनुसार १६ गतेदेखि जारी कर्फ्यूलाई केही खुकुलो गर्दै बिहान ८ बजेदेखि राति ८ बजेसम्म खुकुलो पारिएको छ। सो अवधिमा भेला, बैठक, प्रदर्शन, पोष्टर प्रचार सामाग्री टाँस्न नपाउने, हुल दंगा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा पाँच जनाभन्दा बढी जम्मा हुन नपाउने विज्ञप्तिमा उल्लेख गरिएको छ। कसैले यस विपरीत गरेको खण्डमा कानून अनुसार कारबाही गरिने जनाइएको छ।

## शान्ति तथा सद्भाव र्‍याली प्रदर्शन

यसअघि दुई धार्मिक आस्था राख्ने समूहबीच तनाव बढ्दै गएपछि नेपालगञ्जमा मंगलबार बृहत् शान्ति तथा सद्भाव पदयात्रा आयोजना गरियो। सामाजिक सद्भाव र धार्मिक एकता कायम गर्ने उद्देश्यले आयोजित उक्त र्‍यालीमा बागेश्वरी मन्दिरका मूल पुजारी चन्द्रनाथ योगी, मुस्लिम धर्मगुरु मौलाना अब्दुल तब्बार मञ्जरी लगायतका धर्मगुरु, प्रदेश सांसद, जनप्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र सर्वसाधारणको सहभागिता रहेको थियो। स्थानीय बीपी चोकबाट शुरु भएको उक्त पदयात्रा धम्बोझी चोकमा पुगेर कोणसभामा परिणत भएको थियो।

उक्त सभामा बागेश्वरी मन्दिरका मूल योगी, मुस्लिम धर्मगुरु मौलाना मञ्जरी, नगर प्रमुख प्रशान्त विष्टले सामाजिक सद्भाव नेपालगञ्जको पहिचान भएकोले यसलाई बचाइराख्न सबैसँग आव्हान गर्दै सबै धर्म सम्प्रदाय, वर्ग र समुदायले सद्भावको शहर नेपालगञ्जको पहिचान बचाइराख्न आग्रह गरे।

यसअघि जिल्ला प्रशासन कार्यालय बाँकेमा प्रमुख जिल्ला अधिकारी विपिन आचार्यको अध्यक्षतामा सोमबार बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले धार्मिक तथा सामाजिक सद्भावका लागि पदयात्रामा सहभागी हुन सबैसँग अपिल गरेको थियो।

असहज परिस्थितिबारे टिप्पणी गर्दै नेकपा एमाले बाँकेका अध्यक्ष किस्मतकुमार कक्षपतिले कोही कसैबाट पनिसामाजिक सद्भाव र धार्मिक सहिष्णुता खल्बल्याउन नहुने बताए। कुनै पनि व्यक्ति, संघ संस्था वा समुदाय विशेषले कसैको धार्मिक आस्थामा आँच पुर्‍याउने, धार्मिक विद्वेष फैलाउने वा कुनै धर्म विरुद्ध हुने गरी कुनै पनि किसिमको गतिविधि नगर्न उनले आग्रह गरे।

नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले सामाजिक सद्भावको नमूना शहर नेपालगञ्ज हरेक धार्मिक सम्प्रदाय, जातजाति, भाषाभाषी, वर्ण, लिङ्ग र समुदायको साझा चौतारी रहेको बताए। श्रेष्ठले भने, 'नेपालगञ्जको शान्त सामाजिक सद्भाव र आपसी एकतामा खलल पुर्‍याउन खोजेविरुद्ध फेरि एकपटक नेपालगञ्जवासीले अभूतपूर्व एकता देखाउनु पर्ने अवस्था आएको छ।'

बाँकेको तनावपूर्ण अवस्थालाई साम्य पारी सद्भाव कायम गर्न नेकपा एमाले बाँके, नेपाल पत्रकार महासंघ, बाँके, नेपाल महासंघ केन्द्रीय समिति, नेपाल मुस्लिम इत्तेहाद संगठन लुम्बिनी प्रदेश, नेपालगञ्ज मुस्लिम समाज लगायतका संघसंस्थाले विज्ञप्तिमार्फत सबैसँग आग्रह गरेका छन्। सामाजिक सञ्जाल र जनप्रतिनिधिको उदासीनताले निम्त्याएको तनाव सामाजिक सञ्जालको जथाभावी प्रयोगले गर्दा समाजमा कति जटिल र असहज परिस्थितिको सिर्जना हुन्छ भन्ने कुरा नेपालगञ्जको घटनाले स्पष्ट पारेको छ। सामाजिक सञ्जालमा लेखिएको जथाभावी टिप्पणीले बाँकेमा हिन्दु र मुस्लिम समुदायबीच वैमनस्यता उत्पन्न भएर प्रशासनले कर्फ्यू जारी गर्नुपर्‍यो। कुनै पनि बेला दंगा भड्किने खतरा उत्पन्न भएपछि असोज १६ गते जिल्ला प्रशासन कार्यालय बाँके नेपालगञ्ज उपमहानगरभित्र अनिश्चितकालीन कर्फ्यू लगाउन बाध्य भयो।

बाँके जिल्लामा इस्लाम धर्मावलम्बीहरुले असोज ११ गते "मोहम्मद डे" धुमधामका साथ मनाएका थिए। बाँके नरैनापुरका एक युवाले इस्लाम धर्मका संस्थापक पैगम्बर मोहम्मदको नाम जोड्दै जार्बुद यादव नामको फेसबुक आइडीबाट एक स्टाटस लेखे। धार्मिक आस्थामा चोट पुग्ने गरी लेखिएको उक्त स्टाटसका कारण तनाव बढ्दै जाँदा मंगलबार नेपालगञ्जमा दुई समुदायबीच झडप र कर्फ्यू लगाउनु पर्ने अवस्थाको सिर्जना भयो। दुई समुदायबीच विद्वेष सिर्जना गर्न नेपालगञ्ज उपमहानगरपालिका-५ का जसपाबाट निर्वाचित वडाध्यक्ष सरापत खानको मुख्य भूमिका र अगुवाइ देखिएको र स्थानीय प्रशासनमै उग्र भीडबाट घेरा हाल्ने काम भएको प्रत्यक्षदर्शीहरु बताउँछन्। जथाभावी स्टाटस लेख्नेको भन्दै खानकै नेतृत्वमा असोज १४ गते एउटा पक्षले नेपालगञ्जमा प्रदर्शन गर्ने क्रममा टायर बाल्ने, अर्को समुदायप्रति उग्र नाराबाजी गर्ने र जिल्ला प्रशासन कार्यालयको छेटमा पुगेर भनाभन गाडेपछि अर्को अर्को दिन अर्को पक्ष विरोधमा उत्रिएको थियो। नगरमा उत्पन्न तनावबीच ओमकार परिवारले मंगलबार नेपालगञ्ज बन्दको आह्वान गर्दै र्‍याली निकालेको थियो। यही घटनाक्रमले दुई समुदायबीच एकपछि अर्को प्रदर्शनले नगरको शान्तिसुरक्षा खल्बलिने विश्लेषणसहित नगर क्षेत्रभित्र प्रशासन कार्यालयले अनिश्चितकालीन कर्फ्यू आदेश जारी गरेको थियो।

## अलपत्र यात्रुलाई गन्तव्यमा पुऱ्याउन प्रहरी स्कर्टिङ

भारतबाट दशैं मान्न घर फर्किरहेका सिमानामा अलपत्र परेका नेपाली सर्वसाधारण यात्रुलाई गन्तव्यमा पुर्‍याउन प्रहरीले स्कर्टिङ गर्दै नगर क्षेत्र पार गराएको थियो। मंगलबार रातिदेखि सिमाना पारीको रुपइडिहा बजार र सिमानामा अलपत्र परेका यात्रुहरुलाई सार्वजनिक यातायात बस, माइक्रो बसमा राखेर र भारतको नयाँ दिल्ली, देहरादून लगायतमा नियमित चल्ने यात्रुवाहक बसहरुलाई बुधबार बिहानैदेखि नेपाल प्रहरीको ध्यानले स्कर्टिङ गरेर नेपालगञ्ज नगर क्षेत्र पार गराएको थियो। यसरी दिनभरमा करिब ७५ वटा बसलाई स्कर्टिङ गरिएको थियो।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०६/२५ मा दर्ता भएको **प्रा.लि. नं. २७७५३५/०७८/०७९** को **बद्री फुड इण्डष्ट्रीज प्रा.लि.** को मिति २०८०/०६/१८ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: विष्णुहरी धिताल, इजाजत पत्र नं. ३७३, फोन नं. ९८५११९०३८३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/२९ मा दर्ता भएको **प्रा.लि. नं. १७८३१८/०७४/०७५** को **माँ कालिका फर्निचर प्रा.लि.** को मिति २०८०/०६/१८ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: अरुण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०७,**
**ठेगाना: ब्वरमहल, काठमाडौं, फोन नं. ९८५१२१०००४**

# रुकुम पश्चिमका ७३ वटै वडामा माओवादी रुपान्तरण अभियान उत्साहजनक

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १८ असोज



नेकपा माओवादी केन्द्र रुकुम पश्चिमले एक महिनामा जिल्लाका ९ हजार घरधुरीमा पुगेर ३२ हजार जनासँग भेटघाट तथा अन्तरक्रिया गरेको जनाएको छ। माओवादी केन्द्रले गत भदौ १६ गतेदेखि सञ्चालन गरेको जनतासँग माओवादी विशेष रुपान्तरण अभियानको क्रममा उक्त भेटघाट गरेको हो।

सोमबार मुसिकोट नगरपालिका-५ सेरीगाउँस्थित जिल्ला पार्टी कार्यालयमा पत्रकार सम्मेलन आयोजना गरेर पार्टीले उक्त कुरा जानकारी गराएको हो। पार्टीका जिल्ला संयोजक गोविन्द रोका 'सचिन'ले जिल्लाका ७३ वटै वडामा उत्साहजनकरुपमा शुरु भएको एकमहिने अभियानले कार्यकर्तालाई उत्साहित बनाएको बताए।

रोकाले यस अवधिमा पार्टीका २९५ वटा टोल कमिटी र ४५० वटा सेल कमिटीको बैठक बसेको र ६३८ जना नयाँ पार्टी सदस्य थप भएको जानकारी दिए।

अभियानको क्रममा जिल्लाका विभिन्न स्थानमा जनसेवा तथा जनश्रमका ३४ वटा कार्यक्रमहरु सम्पन्न भएका छन्। स्थानीयका घर निर्माण तथा मर्मत, गोरेटो बाटो निर्माण, जनताका कृषि कार्यमा सहयोग, सरसफाइ, खानेपानी सुधारलगायतका कामहरु गरिएको संयोजक रोकाको भनाइ छ।

अभियानले कार्यकर्ता पंक्तिमा उत्साह जगाएको र आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने सुझाव प्राप्त भएको उनको भनाइ छ। समग्रमा एक महिने अभियान ८० प्रतिशत रुपमा सफल भएको उनको दाबी छ।

पत्रकार सम्मेलनका प्रमुख अतिथि तथा जिल्ला इन्चार्ज गगन खड्काले माओवादी माओवादीजस्तो नबनेपछि अभियान सञ्चालन गरिएको बताए। उनले एक महिने अभियानले माओवादीभित्र समाजवाद ल्याउन उल्लेख्य योगदान गरेको उल्लेख गरे। यस अभियानले नयाँ उमंग, उत्साह र तरंग ल्याएको उनको बुझाइ छ।

## UAE मा वैदेशिक रोजगारको अवसर

२. कम्पनी: CLEANCO CLEANING SERVICES & BUILDING MAINTENANCE — शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०६/१४ — चलानी नं.: ६०१८८६३७ — L.T. No.: 273063 — पुनर्विज्ञापन

| क्र.सं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 50 | साक्षरता सामान्य ज्ञान | 900 | ३२,५६२ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners | 26 | 0 | | 800 | ४३,४१६ | | | | | | | |

१. कम्पनी: EMIRATES NATIONAL FACILITIES MANAGEMENT L.L.C. — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०६/०७ — चलानी नं.: ६०७०८०५८ — L.T. No.: 292954 — पुनः विज्ञापन

| क्र.सं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 98 | साक्षरता सामान्य ज्ञान | 900 | ३२,५६२ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Male Cleaner | 199 | 0 | | 800 | २८,९४४ | | | | | | | |
| 3. | Porter | 100 | 0 | | 850 | ३०,७५३ | | | | | | | |
| 4. | Service Assistant | 109 | 0 | | 1200 | ४३,४१६ | | | | | | | |

३. कम्पनी: AL TANMYAH SERVICES L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/०३ — चलानी नं.: ६०७०२७९६ — L.T. No.: 287440 — पुनः विज्ञापन

| क्र.सं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 221 | 146 | साक्षरता सामान्य ज्ञान | 900 | ३२,५६२ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - Sira | 223 | 50 | | 1200 | ४३,४१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० असोज २६ गते (13 October 2023) मा हुनेछ।

**AIR KINGS PLACEMENT PVT. LTD.**
साबिक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## कुवेतमा रोजगार | कम्पनी: NAEEMAN LADIES BEAUTY SALON COMPANY
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०६/१८ — चलानी नं.: ६०७०८७६० — LT. No.: 293533

| क्र.सं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SALON WORKER | 0 | 7 | न. साक्षर दक्ष | 135 | ५८,०९२ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २६ गते (13 October 2023) मा हुनेछ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
बुढानीलकण्ठ-६, हात्तिगौंडा, नक्साल, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८२३
मो.: ९८२३८३७०२०, ९८२३४८६६८२
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com

## साउदीमा रोजगार | १. कम्पनी Qas Arabia Co. Ltd FOR INDUSTRIAL SERVICES AND CONTRACTING
शहर: Saudi Arabia,KSA
पूर्व स्वीकृत मिति: २०८०/०६/१८ — चलानी नं.: ६०७०८७६७ — LT. No.: 293541

| क्र.सं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 10 | 0 | न. साक्षर दक्ष | 1000 | ३५,१७० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २६ गते (13 October 2023) मा हुनेछ।

**United World Manpower Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

## Hatuwagadhi Rural Municipality
## Office of the Rural Municipal Executive
Ghodetar, Bhojpur
Koshi Province, Nepal

### Invitation For E-Bid (NCB) for the following construction works as specified below

First Date of publication: 2080/06/19

1. Hatuwagadhi Rural Municipality Office of the Rural Municipal Executive, Ghodetar, Bhojpur, invites Electornic Bids from eligible bidders for the procurement of the following works.
2. All other information and BID document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office during office time till the day before deadline date. All eligible bidders are requested to submit Bid/SQs as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Cost of the Bid Document | Total Cost (Without, Vat and Contigencies) | Bid Security | Last Submission Date |
|---|---|---|---|---|---|---|
| 1 | CHUWAR GHODETAR KAWA KHOLA ROAD PROJECT | HRM/CW/NCB/03/080-081 | NRs. 3,000.00 | NRs. 12833199.02 | NRs. 4,00,000.00 | 2080/07/19 (12:00) |

**Information to deposit cost of bidding document**

| | | |
|---|---|---|
| Name of bank | : | Prabhu bank Ltd, Branch office Hatuwagadhi, Bhojpur. |
| Name of office | : | Hatuwagadhi Rural Municipality, Office of the Rural Municipal Executive, Ghodetar, Bhojpur. |
| Office account no. | : | 1560113798600010 HATUWAGADHI GA.PA. GA 1.1 ANTARIK RAJASWO KHAATA |

1. Electronic bids must be submitted to the office of Hatuwagadhi Rural Municipality, Office of the Rural Municipal Executive, Ghodetar, Bhojpur through PPMO website www.bolpatra.gov.np/egp 99
2. All other conditions of the bidding process will be as per the public procurement act 2063 and public procurement regulation 2064.

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
१९ असोज २०८०, शुक्रबार
6 October 2023, Friday

सम्पादकीय

## दण्डहीनतालाई प्रश्रय

राजनीतिक समीकरणमा अलगअलग रहेपनि प्रमुख दलका नेताहरूमा अराजकता बढेको साझा चिन्ता देखिन्छ। घटनाक्रमले उनीहरूको चिन्ता स्वभाविक पनि देखिन्छ। केही समयभित्रै धरान, सर्लाही र नेपालगञ्जमा स्थानीय प्रशासनले संभावित दुर्घटना रोक्न कर्फ्यू नै लगाउनुपरेको छ। यी तीनवटै ठाउँमा देखिएको समस्या पनि उस्तै प्रकृतिका हुन्। धार्मिक सद्भाव भड्कने खतरा देखिएपछि पहिलो धरान, अनि सर्लाहीको मलगांवा र बाँकेको नेपालगञ्जमा कर्फ्यू लगाइएको थियो। यी ठाउँहरूमा समस्या बढेर जानुमा सामाजिक सञ्जालको प्रचारलाई प्रशासनले निष्कर्ष मानेको छ। धार्मिक सद्भावकै चिन्ता गर्नुपर्ने बाहेक पनि अरू अतिवादी गतिविधि देखिँदै आएकाले नेताहरूको चिन्ता स्वभाविक देखिएको हो। लगातार चिकित्सक कुटिने, शैक्षिक संस्थामाथि आक्रमण हुने, प्राध्यापक कुटिने तथ्य पक्कैपनि निन्दनीय हो।

शिक्षा र स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमाथि हुने आक्रमण राष्ट्रिय लज्जाकै विषय हो। यस्ता घटनाले राज्य कमजोर भएको सन्देश जाने नै भयो। यस्ता अराजकताले नागरिक सुरक्षामाथि प्रश्न उठ्नु स्वभाविक हो। शान्ति सुरक्षाको वातावरण नहुँदा उद्योगधन्दा देखि अरू क्षेत्र समेत प्रभावित हुनेछ। त्यसैले पनि राजनीतिक नेतृत्व मात्रै नभएर आमनागरिक र सरोकारवाला निकायको समेत यसतर्फ ध्यान जान जरूरी छ। धार्मिक अतिवाद र सामाजिक अराजकता बढ्दा विधिको शासन बलियो हुँदैन। विधिको शासन बलियो नहुँदा सामाजिक व्यवस्था नै अनियन्त्रित बन्न सक्छ। तसर्थ आजको प्रमुख दायित्व सामाजिक अनुशासन पनि एक महत्वपूर्ण बन्न पुगेको छ।

तर यस्तो परिस्थिति निम्तनुमा भने राजनीतिक नेतृत्वकै कमजोर प्रशस्त छ। राजनीतिक नेतृत्वको कमजोरीलाई बुझाउने महत्वपूर्ण उदाहरणका रूपमा बाँकेकी भारती शेर्पाले बसिरहेको अनशनलाई लिन सकिन्छ। उनका पति चेतन अधिकारीको २०७२ असार २८ मा हत्या भएको थियो। हत्याको अभियोगमा योगराज ढकाल (रिगल) लाई सर्वस्वसहित जन्मकैद सुनाइएको थियो। तर यसपटकको संविधान दिवसको अवसर पारेर सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले कैद मिनाहा गरिदिए। कैद मिनाहा भएर जेलमुक्त भएपछि कानूनी शासनको ध्वज्जी उडाउने काम सरकारले गरेको भन्दै भारती अनशनमा बसेकी छन्। उनले दिएको रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ। न्यायाधीश मनोजकुमार शर्माको इजलासले सात दिनभित्र लिखित जवाफ मागेको हो। अर्थात् राष्ट्रपतिले गरेको कैद मिहनाको निर्णयमा सर्वोच्चले फेरि सुनुवाइ थालेको छ। यसले मुलुकमा कानूनी शासनको अवस्था कमजोर रहेको सन्देश गएको छ। यसबाहेक अरू पनि थुप्रै निर्णयका घटनाक्रम छन्, जसले समाजलाई दण्डहीनतातर्फ मोडेको छ। त्यसैले अराजकताको चिन्ता गर्नेहरूले पहिले आफूले लिने निर्णयबारे पुनर्विचार गर्न आवश्यक छ।

# कृषि बजारको समस्या र समाधान

अग्रलेख



● गम्भीरबहादुर हाडा

कृषकहरू खेती गर्छन् र त्यसबाट उत्पादन हुने वस्तुहरुमध्ये आफूलाई चाहिने जति राखेर अरुलाई बिक्री गर्छन् र प्राप्त आयबाट अन्य आवश्यक वस्तुहरु खरिद गर्छन्। यसरी बिक्री हुने वस्तुको उचित मोल भएमात्र बिक्री गर्ने व्यवस्था हुन आवश्यक छ अन्यथा, उचित मोल नपाएमा वस्तु बिक्री गर्न गाह्रो हुन्छ। तर, कहिलेकाहीँ गरीब कृषकहरु आवश्यक वस्तुको आपूर्ति गर्नलाई कृषि उत्पादनका वस्तुहरु कम मूल्यमा पनि बिक्री गर्न बाध्य हुन्छन्। नेपालको अर्थव्यवस्थामा कृषि क्षेत्रको महत्वपूर्ण स्थान भएकाले यस क्षेत्रको विकास गर्नका लागि अन्य विभिन्न पूर्वाधारहरुको साथै कृषि बजारको पनि विकास हुनुपर्दछ। सुव्यवस्थित कृषि बजारको विकास भएमा कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउने हुनाले कृषि उत्पादन बढाउने प्रोत्साहन प्राप्त हुन्छ। उनीहरु स्थानीय मध्यम व्यापारीबाट शोषित हुँदैनन् र यसबाट उनीहरुको आम्दानी बचत र लगानी गर्ने क्षमता बढ्छ। फलस्वरूप यसको अनुकूल असर सम्पूर्ण अर्थव्यवस्थामा पर्दछ।

कृषकदेखि अन्तिम उपभोक्तासम्म कृषि बजारको परिचय पाउनु आवश्यक छ। कृषकदेखि अन्तिम उपभोक्तासम्म कृषि उत्पादन गरिने सबै किसिमका क्रियाकलापहरुलाई कृषि बजारको अर्थसँग जोड्न सकिन्छ। नेपालको कृषिबजारलाई तीन भागमा विभाजित गर्न सकिन्छ, जस्तो -क) गाउँघर, ख) हाट बजार, ग) शहरी बजार। बजार व्यवसायले कुनै वस्तु वा सेवा चाहेको समयमा, ठाउँमा र लिन खोजेको मूल्यमा उपलब्ध गराउन मद्दत गर्दछ, जसबाट उपभोक्ताले सरल र उचित मूल्यमा नै त्यो वस्तु वा सेवा पाउँछ। बजार व्यवसाय जसको विस्तृत विकासले उपभोक्ताको मागको स्थिति, उपभोक्ताको रुचि वस्तुको लचकता, मूल्य लागत जस्ता कुराहरु उत्पादकले सजिलैसँग अड्कल गर्न सक्छ र बजारको अनुसन्धान गरेर उपभोक्ताको चाहनाअनुसार कम खर्चमै सो वस्तु उत्पादन गरी उपभोक्ताको हातसम्म पुर्‍याउन सहयोग पुर्‍याउँछ। कृषकहरुको जीवनस्तरमा कृषि उपजको मूल्यस्तरले ठूलो प्रभाव पारेको हुन्छ। सही रूपले देशको चौतर्फी विकास गर्नको लागि कृषकहरुको जीवनस्तरमा बढीभन्दा बढी सुधार ल्याउनु आजको परिप्रेक्ष्यमा आवश्यक छ।

कृषकहरुको जीवनस्तर सुधार्न उनीहरुको पसिनाको उचित मूल्य दिलाउने राम्रो व्यवस्था हुनुपर्दछ। कृषि उपजको मूल्य दिलाउने अर्थ यो हो कि कृषकहरुले नै उपभोग गर्न पाउन्। बीचमा कुनै बिचौलियाले नहत्याउन्। कृषि उपजको मूल्य निरपेक्ष नभई सापेक्ष हुनुपर्दछ। यसको मूल्य कृषि उत्पादनको लागि आवश्यक अन्य साधनहरुको मूल्यको आधारमा निर्धारण गर्नु उचित देखिन्छ। कृषि उत्पादनको उचित मूल्य किसानहरुले पाउन सकेमा यसबाट कृषि विकासमा उत्साहजनक प्रभाव पर्दछ। अर्थशास्त्री जोन मेलरको भनाईअनुसार "राम्रो उत्पादन गर्नु भनेको कुल कार्यको केवल अर्ध-कार्यमात्र हो, राम्ररी बेच्नु अर्को अर्ध-कार्य हो। यी दुई सँगसँगै जान्छन्। राम्रो उत्पादन गर्नमा प्राप्त गरिएको सफलतालाई खराब बेचाइले तुरुन्तै विनाश गर्न सक्छ।" कृषकहरुले आफ्नो अधिकांश उत्पादन गाउँमा नै बिक्री गर्ने हुँदा उत्पादक र उपभोक्ताको बीचमा मध्यस्थता गर्ने अन्य व्यक्ति हुनु स्वाभाविकै हो। अतः उत्पादकले आफ्नो उत्पादनको मोल उपभोक्ताले तिरेको भन्दा निकै कम पाउँछ।

